संक्रामक रोग नोभल कोरोना भाइरस (कोभिड 19) को असर परी, जीवनयापनबारे चिन्तित सम्पूर्ण व्यक्तिहरूको लागि

निःशुल्क परामर्श

# पैसा, काम (पेसा), आवास जस्ता जीवनयापन सम्बन्धी परामर्श काउन्टरको जानकारी

के तपाईं नोभल कोरोना भाइरस (कोभिड 19) को संक्रमण फैलिएको कारण आय घटेर घर खर्च धान्न मुस्किल जस्ता जीवनयापनका कुराहरूबारे चिन्तित हुनुहुन्छ?

नगरपालिका वा गाउँपालिकामा परामर्श काउन्टरको व्यवस्था गरी, त्यहाँका सम्बन्धित विषयका विज्ञले तपाईंको दैनिक जीवनयापनका कुराहरू, कामका कुराहरू आदि सुनी, समाधानको लागि सुझाव वा समाधान नभएसम्म सहयोग गर्नुहुनेछ। एक्लै चिन्ता गरेर नबसीकन, जस्तो कुरा भएपनि पहिले तपाईंको कुरा सुनाउनुहोस्।



## परामर्शका प्रक्रियाहरू(आत्मनिर्भर परामर्श सहयोग परियोजना)




## सहयोग विकल्प सूचीको उदाहरण

### रोजगार सहयोग तथा रोजगार तयारी सहयोग

- रोजगार सम्बन्धी सल्लाह सुझाव र व्यक्तिगत रूपमा कामको मौका खोज्ने जस्ता सहयोगहरू गरिन्छ।
- साथै रोजगार प्रतिको चिन्ता भएमा र कम्यूनिकेसन गर्न अप्ठ्यारो लाग्ने खण्डमा, वर्कसप वा रोजगार अनुभव जस्ता सहयोगहरू गरिन्छ।

### घर खर्च सुधार सहयोग

- घर खर्चको स्थिति "हेर्न सकिने" बनाएमा, घर खर्चको स्थिति बुझ्न सकिन्छ र ऋणको मध्यस्थता आदि गरिन्छ।
- साथै घर भाडा, कर, बिजुली, धारो, ग्यास आदिको शुल्क जस्ता भुक्तानी गर्न बाँकी रकम वा विभिन्न अनुदान प्रणाली आदिको प्रयोगको लागि सहयोग पनि गरिन्छ।

### आवास सुरक्षा अनुदान रकम

- काम गुमाएको जस्ता कारणले गर्दा, आर्थिक रूपमा मुस्किल परी आवास गुमाएको व्यक्ति वा त्यस्तो हुन सक्ने खतरा भएको व्यक्तिलाई रोजगार खोजी गतिविधि आदि गर्ने जस्ता सर्तहरू स्वीकार गरेमा, निश्चित अवधिको लागि घर भाडा खर्च प्रदान गरिन्छ।

### अस्थायी जीवनयापन सहयोग

- आवास गुमाएको व्यक्तिलाई, निश्चित अवधि गाँस, बास, कपास जस्ता दैनिक जीवनयापनको लागि आवश्यक सहयोग गरिन्छ।